# लोक सेवा आयोग

प्रश्नपत्र परिमार्जन एवं अन्तर्वार्ता तथा सिफारिस महाशाखा

अन्तर्वार्ता तथा सिफारिस शाखा

अनामनगर, काठमाडौं ।

मिति:२०७८/०५/२८

सूचना नं. २७२ /०७८-७९

**अन्तिम योग्यताक्रम प्रकाशन सम्बन्धी कार्य स्थगित गरिएको सूचना ।**

निवेदक शिवहरि दाहाल समेत विपक्षी लोक सेवा आयोग केन्द्रीय कार्यालय समेत भएको रिट नं. ०७८-WO-०२४१ उत्प्रेषणको रिट निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।५।२५ मा ' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।४।२९ र मिति २०७८।५।३ को टिप्पणी आदेश तथा निर्णय र सो बमोजिम उक्त मन्त्रालयबाट लोक सेवा आयोग, केन्द्रीय कार्यालयका नाममा मिति २०७८।५।८ मा गरिएको पत्राचार जुन अवस्थामा पुगेको छ सोही अवस्थामा यथास्थितिमा राख्नु भनी विपक्षीहरुका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। .... प्रस्तुत मुद्दामा समावेश भएको कानूनी प्रश्नको जटिलता र महत्वको विचार गर्दा त्यसको निरुपण पूर्ण इजलासबाट हुन उपयुक्त हुने देखिंदा विभिन्न मितिमा यस अदालतमा दायर भएका यसै प्रकृतिका रिट निवेदन समेत साथै पेशीमा चढाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२)(च) बमोजिम पूर्ण इजलास समक्ष पेश गर्नु' भन्ने आदेश भएको हुँदा आयोगबाट प्रकाशित वि.नं. १६६९४-१६७००/०७६-७७ सम्मका व्यवस्थापिका संसद, परराष्ट्र, प्रशासन र लेखापरीक्षण सेवाका राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह (अप्राविधिक) पदको योग्यताक्रम प्रकाशन तथा सिफारिश स्थगित भएको व्यहोरा आयोगको मिति २०७८।०५।२८ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रकाश गुरुङ<br>
उप सचिव